# समाज विकास केन्द्रको २३ औं बार्षिक साधारणसभामा प्रस्तुत गरिएको अध्यक्षज्यूको मन्तब्य !!!

समाज विकास केन्द्रका आदरणिय कार्यसमिति पदाधिकारीज्यूहरु, संस्थापक पदाधिकारीज्यूहरु, पूर्वअध्यक्षज्यूहरु र उपस्थित सम्पूर्ण साधारण सदस्यज्यूहरुलाई संस्थाको २३ औं साधारणसभामा यहाँहरुको गरिमामय उपस्थितीको लागि हार्दिक स्वागत तथा अभिवादन प्रकट गर्न चाहान्छु ।

सन् १९४५ मा संयुक्त राष्ट्र संघको स्थापनासँगै मानव सेवामा समर्पित हुन गैरनाफामुलक र गैरसरकारी संस्थाको स्थापना गरिएको थियो । नेपालमा पनि राणा शासनकै बेला गुठी, ढुकुटी जस्ता सेवामुलक प्रयोजनले स्थापित संस्थाहरुबाट नै गैरसरकारी संस्थाहरु अस्तित्वमा आए । २०४६ सालको राजनैतिक परिवर्तन पश्चात भने सरकारको विकास साझेदारकै रुपमा गैरसरकारी संस्थाहरु कार्यरत छन् जसले मुख्यतय ग्रामिण गरिबी निवारण, पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण, मानव अधिकार संरक्षण, लैंगिक हिंसा निवारण जस्ता क्षेत्रहरुमा क्रियाशिल रहेकाछन् ।

यस्तै पुष्ठभूमीमा संखुवासभा जिल्लाका ७ जना जागरुक यूवाहरुको समूहले वि.सं. २०५७ साल असार १३ गते जिल्ला प्रशासन कार्यालयमा दर्ता गरी समाज विकास केन्द्रको विधिवत स्थापना गर्नुभएको थियो । यो २३औं साधारणसभाको अवसरमा म उहाँहरु प्रति उच्च सम्मान व्यक्त गर्न चाहान्छु । स्थापना देखि हालसम्मको करिब २५ वर्षको अवधिमा संस्थाले जिटिजेड, डिएफआडि, कारितास नेपाल, एविन, सिएलएन, युएनडिपि जस्ता विभिन्न अन्तराष्ट्रिय गैरसरकारी संस्था र स्थानीय तथा संघिय सरकारका विभिन्न निकाय/कार्यक्रमसँग आर्थिक तथा प्राविधिक साझेदारी मार्फत पुर्वाधार, आर्थिक र सामाजिक विकासका विभिन्न क्षेत्रहरुमा २० हजार भन्दा बढी घरधुरीसँग कार्यक्रम सञ्चालन गरिसकेको छ ।

यसरी संस्थाले सञ्चालन गरेका परियोजना सञ्चालनका लागि श्रोत/दाताको खोजी, प्रस्ताव तयारी तथा स्वीकृती, परियोजना सञ्चालन तथा कार्यान्वय, प्रतिवेदन लेखन जस्ता परियोजनाका विभिन्न चक्रहरुमा संस्थाका सबै अवधिका कार्यसमिति पदाधिकारीहरु, कर्मचारी तथा साधारण सदस्यहरुको संलग्नता, सल्लाह, सुझावले महत्वपूर्ण भूमीका निर्वाह गरेको छ । त्यसैले स्थापना देखि हालसम्म संस्थामा आवद्ध सम्पूर्ण समिति पदाधिकारी, कर्मचारी, स्वयंसेवक तथा साधारण सदस्यज्यूहरु प्रति पनि हार्दिक आभार व्यक्त गर्न चाहान्छु ।

स्थापना देखि हालसम्म अनवरत रुपमा विभिन्न परियोजनाहरु सञ्चालन गर्न आर्थिक सहयोग प्रदान गर्नुहुने विदेशी, दातृसंस्था, व्यक्तिगत दाता तथा नेपालका सरकारी निकायहरुलाई पनि धन्यवाद दिन चाहान्छु । त्यस्तै गैरसरकारी संस्थाहरुलाई नियमन गर्ने समाज कल्याण परिषद, जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यालय तथा पालिकाहरुको सल्लाह, सुझाव र सहयोगको पनि प्रशंशा गर्न चाहान्छु । यी बाहेक र सबै भन्दा बढी सम्मान ती समुदायलाई व्यक्त गर्न चाहान्छु जसले संस्थाद्धारा सञ्चालित परियोजनाहरुलाई स्वीकार गर्नुभयो, सहभागिता जनाउनु भयो र विकासको मुलप्रवाहिकरणमा संलग्न हुन सक्रियता देखाउनु भयो ।

आदरणिय पार्सदज्यूहरु, अब म यस संस्थाको आर्थिक वर्ष २०८१/८२ को प्रगति प्रतिवेदन वाचन गर्न चाहान्छु । प्रतिवेदन वाचन पश्चात यहाँहरुका जिज्ञाशा भए र सुझाव भए प्रस्तुत गरिदिनुहुन अनुरोध गर्दछु । जिज्ञाशा र सुझाव माथिको छलफल सकिएपछि प्रस्तुत प्रतिवेदन परित गरिदिनुहुन यस सम्मानित सभालाई अनुरोध गर्दछु ।

प्रकाश कुमार राई
२०८२/०५/२८ गते

# 1 संस्थाको सिंहावलोकन (Organizational Overview)

## 1.1 संस्था परिचय (Introduction)

समाज विकास केन्द्र (सोडेक) जिल्ला प्रशासन कार्यालय संखुवासभामा वि. सं. २०५७ साल आसार १३ गते दर्ता भएको गैरसरकारी संस्था हो । नेपालका दुर्गम जिल्लाका ग्रामिण बस्तिहरुमा नेपाल सरकारद्धारा सञ्चालन गर्ने विकासका कार्यहरुमा थप योगदान पुऱ्याउने उद्देश्यका साथ यो संस्थाको स्थापना गरिएको हो । स्थापना पश्चात यो संस्थाले नेपालका विभिन्न जिल्लाका १८ हजार भन्दा धेरै घरधुरीसँग आयआर्जन तथा सीप विकास, भौतिक पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य, सामुदायिक वन व्यवस्थापन, ग्रामिण उर्जा विकास, सामुदायिक संस्थाहरुको संस्थागत क्षमता अभिवृद्धि तथा महिला सेवा केन्द्र जस्ता क्षेत्रहरुमा काम गरिसकेको छ ।

भौगोलिक कार्यक्षेत्रको रुपमा सोडेकले हालसम्म नेपालका संखुवासभा, नुवाकोट, काठमाण्डौं, दैलेख र सुर्खेत जिल्लाहरुमा कार्य गरिसकेको छ । उल्लेखित क्षेत्रमा कार्य गर्नको लागि संस्थाले नेपाल सरकारका विषयगत मन्त्रालय, स्थानीय सरकार र विभिन्न अन्तराष्ट्रिय गैरसरकारी तथा द्धिपक्षिय निकायहरुसँग साझेदारी गरेको छ ।

### संस्थाको परिकल्पना (Vision)

समुन्नत र समृद्ध समाजको निर्माण गर्ने ।

### लक्ष्य (Goal)

एकिकृत र गतिशिल विकासको माध्यमबाट आत्मनिर्भर समाजको निर्माण गरी ग्रामिण जनताको जीवनस्तर उकास्नु ।

### उद्देश्य (Objectives)

- ग्रामिण तथा शहरी विपन्न वर्गका जनताहरुको आर्थिक विकासका संभावनाको पहिचान गरी त्यसको दिगो उपयोग गर्न सहयोग गर्नु ।
- समुदायमा आधारित संगठनहरुको निर्माण र शसक्तिकरण गरी उनीहरुलाई अधिकार, विकासका स्रोत र अवसरहरुलाई लिन र उपयोग गर्न सक्षम बनाउनु ।
- बिकाससँग सम्बद्ध संघसंस्थाहरु बीच समन्वय र सम्बन्ध निर्माण गरी परिचालन गर्नु ।
- समुदायमा शिक्षा र स्वास्थ्यको स्तर उकास्न आवश्यक सहयोग गर्नुका साथै लैंगिक तथा सामाजिकरुपमा हुने हिंसा न्यूनीकरण, सामाजिक मेलमिलाप तथा मानव अधिकारको क्षेत्रमा काम गर्नु ।
- बाटो, पुल, सिंचाई, खानेपानी, लघु जलबिद्युत जस्ता भौतिक पुर्वाधार बिकासका कार्यक्रमहरु संचालन गर्नु ।
- अस्थायी महिला सुरक्षित आवाशगृह वा सेवा केन्द्र सञ्चालन गर्नु ।

## 1.2 प्रतिवेदनको उद्देश्य (Purpose of the Report)

यो प्रतिवेदनको उद्देश्यहरु:

- परियोजनागत उपलब्धिहरुलाई अभिलेखिकरण गरी आफ्नो संस्था, दातृसंस्था तथा नियमनकारी निकायहरुमा प्रस्तुत गर्नु ।
- परियोजनागत अनुभव, चुनौती र समस्याहरु प्रस्तुत गरी छलफल मार्फत समाधानका उपायहरुको पहिचान गर्नु ।
- संस्थाका भावि रणनीतिहरु प्रस्तुत गरी साधारणसभा मार्फत अनुमोदन गर्नु ।

## 2 आ.व. २०८१/८२ मा सञ्चालित/सम्पन्न परियोजनाहरु (FY 2024/25 Projects and Partners)

| क्र.स | परियोजना | विषयगत क्षेत्र | भौगोलिक क्षेत्र | साझेदार निकाय |
|---|---|---|---|---|
| १. | झोलुङ्गे पुल निर्माण क्षेत्रगत कार्यक्रम | पूर्वाधार विकास | संखुवासभा जिल्लाका १० वटै पालिकाहरु | स्थानीय निकाय |
| २. | दिगो कृषि विकास कार्यक्रम | कृषि/आर्थिक विकास | संखुवासभा जिल्लाका ८ वटा पालिकाहरु | Changing Lives Nepal |
| ३. | अल्पकालिन महिला सेवा केन्द्र | महिला तथा बालिका | जुनसुकै भूगोलका सेवाग्राही | Changing Lives Nepal/Mountain Madness |
| ४. | अल्पकालिन महिला सेवा केन्द्र भवन निर्माण परियोजना | महिला तथा बालबालिका | खाँदवारी | Another Brick in Nepal |

## 3 आ.व. २०८१/८२ मा सञ्चालित/सम्पन्न परियोजनाहरु तथा उपलब्धिहरु (Project Progress and Achievements)

### 3.1 *झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम (Suspension Bride Sector Wide Program)*

समाज विकास केन्द्रले वि. सं. २०६८ देखि तत्कालिन जिल्ला विकास समिति संखुवासभा, टिविएसयु/हेल्भटास/एसडिसिको सहयोगमा स्थानीय पूर्वाधार विकास नीति, २०६१ अनुरुप झोलुङ्गे पुलको नियमित मर्मत सम्भार, वृहत मर्मत, छोटो दुरीको नयाँ पुलको निर्माण जस्ता काम गर्दै आएको छ । कार्यक्रम शुरुवात देखि आ.व. २०८०।०८१ सम्ममा संघ र प्रदेश सरकारको सहयोगमा ९२ वटा नयाँ झोलुङ्गे पुलको निर्माण सम्पन्न भई समुदायमा हस्तान्त्रण भएको थियो भने सोहि अवधिमा १२ वटा झोलुङ्गे पुलहरुको मर्मत तथा वृहत्तमर्मतका कार्यहरु भएको थियो । आ.व. २०८१/०८२ मा संघिय सरकारको सशर्त अनुदान सहयोगमा धर्मदेवी नगरपालिकामा १ वटा, पाँचखपन नगरपालिकामा १ वटा, सभापोखरी गाउँपालिकामा २ वटा र सिलिचोङ् गाउापालिकमा १ वटा गरी यस आ.व मा जम्मा ५ वटा नयाँ निर्माण भएका छन् भने यस आ.व. मा मकालु गाउँपालिकाको आर्थिक सहयोगमा १ वटा झोलुङ्गे पुलको वृहत्तमर्मतको काम भएको छ । यसरी हेर्दा हाल सम्म समाज विकास केन्द्रको प्राविधिक तथा सामाजिक सहयोगमा जम्मा नयाँ ९७ वटा तथा मर्मत/वृहत्तमर्मत १३ को निर्माण सम्पन्न भएर समुदायमा हस्तान्त्रण गरिएको छ ।

#### *कार्यक्रमका उद्देश्यहरु*

यो कार्यक्रमको मुख्य उद्देश्य आधा घण्टाभन्दा बढीको फेरो लगाउनु नपर्ने गरी झोलुङ्गे पुलको निर्माण तथा मर्मत गरी स्थानीय जनतालाई खोला, नदी तर्न सुरक्षित तथा भरपर्दो यातायातको सुविधा उपलब्ध गराई हाट बजार, आधारभूत सेवा (स्वास्थ्य, विद्यालय, प्रशासनिक सेवा केन्द्र, आदि) मा सामाजिक र सांस्कृतिक केन्द्रहरुमा पहुंच सुनिश्चित गराउनु रहेको छ ।

### *आ.व. २०८१/८२ का विशिष्ट उद्देश्यहरुमाः*

- ३ वटा झोलुङ्गे पुल निर्माणस्थलको विस्तृत सर्वे, लागत ईष्टिमेट र डिजाइन तयार गर्नु र स्वीकृत भएका झोलुङ्गे पुलहरुको निर्माणका लागि उपभोक्ता समितिहरुलाई प्राविधिक तथा सामाजिक सहयोग गर्नु ।
- १ वटा मर्मत/वृहत्तमर्मत गर्नु पर्ने झोलुङ्गे पुलको प्राथमिकताको आधारमा सर्वे ,लागत ईष्टिमेन्ट गरी निर्माण कार्यमा समुह परिचालन गर्नु ।
- २ वटा उपभोक्ता समिति र गाउँपालिकासँग पुल निर्माणको लागि संम्झौता गरी निर्माण कार्यको शुरुवात गराउनु ।
- प्राथमिकताको आधारमा छनौट भएका झोलुङ्गे पुलको निर्माणस्थलको विस्तृत सर्वे, लागत ईष्टिमेट र डिजाइन तयार गर्नु ।
- स्थानीय श्रोतहरुको परिचालनमा सहयोग पुऱ्याउनु ।

### *आ.व. २०८१/८२ को भौतिक प्रगति (Physical Progress for FY 2081/82)*

| क.स. | कार्यक्रम/परियोजनाको नाम | भौतिक प्रगति | | | | |
|---|---|---|---|---|---|---|
| | | मुख्य नतिजा श्रृंखला | इकाई | लक्ष्य | प्रगति | प्रगति प्रतिशत |
| १. | झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम | | | | | |
| | क. | नयाँ पुल निर्माण | वटा | ५ | ५ | १०० |
| | ख. | पुराना पुलको वृहत्त मर्मत | वटा | १ | १ | १०० |
| | ग. | पहुँचमा प्रत्यक्ष लावान्वित घरधुरी | वटा | | ९४० | |
| | घ. | पहुँचमा प्रत्यक्ष लावान्वित जनसंख्या | जना | | ४२३८ | |
| | ङ. | उपभोक्ता समितिमा महिला प्रतिनिधित्व | प्रतिशत | ४० | ४१ | १०२ |
| | च. | उपभोक्ता समितिमा जनजातिको प्रतिनिधित्व | प्रतिशत | १०० | १०० | १०० |
| | छ. | महिला रोजगारी/दिन | जना | | ९५१ | |
| | ज. | विपन्न वर्ग रोजगारी/दिन | जना | | ३,६३४ | |

### *कार्यक्रमका उपलब्धिहरु (Achievements of the Program)*

- पुल निर्माणका लागि गठन गरिएका उपभोक्ता समितिहरुमा ४१ प्रतिशत महिला र १०० प्रतिशत जनजातिको सहभागिता रहेको कारण महिला तथा जनजातिहरुको निर्णय प्रक्रियामा उल्लेख्य सहभागिता रहेको छ ।
- आ.व. २०८१/८२ मा निर्माण भएका ५ वटा पुलहरुका कारण २० वटा भन्दा वढी वस्तिका ९४० घरधुरीका ४२३८ जनसंख्यालाई हाटबजार, विद्यालय तथा सेवा केन्द्र सम्मको आवतजावतमा सहजता भएको छ ।
- ५ वटा पुलहरु निर्माण गर्दा स्थानीयस्तरमा .७९ जना मानिसले १०९ दिन बराबरको दक्ष तथा अदक्ष कामदारको रुपमा रोजगारीका अवसर सृजना भएको छ ।
- ५ वटा पुल निर्माण गर्दा करीव ८० लाख भन्दा वढी स्थानीयस्तरमा पूँजि निर्माणमा योगदान पुगेको छ ।
- पुल निर्माणमा स्थानीय श्रमशक्ति प्रयोग गरिने हुँदा लगभग ६० जनाले पुल निर्माण सम्बन्धि दक्ष कामदारको सीप सिक्ने अवसर प्राप्त गरेका छन् ।
- दैनिक रुपमा करीव ३० जना छात्र/छात्राहरुले पठनपाठन गर्न विद्यालय जान आउन सहज भएको छ ।
- १ वटा वृहत्तमर्मतका कारण करीव ११५ घरधुरीका करीव ५७५ जनालाई हाटबजार, विद्यालय तथा सेवाकेन्द्र जान आउन सहज भएको छ ।

## 3.2 *अल्पकालिन महिला सेवा केन्द्र सञ्चालन (Operation of Women's Safe House)*

खाँदबारी नगरपालिकाको कार्यक्षेत्रभित्र सदरमुकाममा बसी सेवाकेन्द्रको सेवा लिनु पर्ने गरी संखुवासभा जिल्ला लगायत अन्य जिल्लाका स्थानीय तहहरुबाट उद्धार गरी ल्याइएका वा आपतकालीन सहयोग वा न्याय माग्न आएका कुनै पनि प्रकारका घरेलु हिंसा वा लैङ्गिक हिंसा वा दुर्वव्यवहारबाट प्रभावित वा दुर्वव्यवहारको जोखिममा रहेका महिला, किशोरी र बालबालिकालाई तत्काल स्वास्थ्य उपचार सेवा, मनोसामाजिक विमर्श, अल्पकालीन आश्रय, कानुनी उपचार, आवश्यक सुरक्षा व्यवस्था र आवश्यकता अनुसार पारिवारिक पुनर्मिलन तथा पुनर्स्थापना सम्मका सेवा पुऱ्याउनका लागि समाज विकास केन्द्रको अगुवाई र पहिलो वर्षका लागि खाँदबारी नगरपालिका तथा जिल्ला अस्पताल संखुवासभाको आंशिक लागत सहभागितामा मिति २०७८ साल चैत्र देखि अल्पकालीन महिला सेवा केन्द्र सञ्चालनमा आएको थियो ।

संस्थाले परियोजना शुरु गर्दा प्रस्ताव गरेको दिगोपनाको तथा वर्हिगमनको नीति अनुसार सञ्चालनको ३ वर्ष पश्चात २०८२ साल बैसाखबाट आवश्यक पूर्वाधारको विकास, नीति निर्माण तथा दक्ष जनशक्ति सहित संखुवासभा जिल्लाका स्थानीय सरकारहरु सहभागी र जिल्ला समन्वय समितिले नेतृत्वमा रहेको अल्पकालिन महिला आवाशगृह तथा पुर्नस्थापना केन्द्र निर्देशक समितिलाई परियोजना हस्तान्तरण गरिएको छ ।

### *परियोजनाका उद्देश्यहरु (Objectives of the Project)*

यस परियोजनाको समग्र उद्देश्य हिंसा प्रभावित महिला तथा बालिकाहरुलाई तत्कालिन सुरक्षा प्रदान गर्दै लैंगिक तथा घरेलु हिंसा न्यून गर्नु रहेको छ भने यसका विशिष्ट उद्देश्यहरु निम्नानुसार रहेका थिए :

- कम्तिमा १०० जना हिंसा प्रभावित महिलाहरुलाई आवाशिय, स्वास्थ्य तथा कानुनी सेवा प्रदान गर्ने ।
- कम्तिमा ४००० जना (विद्यालय तथा कलेजका विद्यार्थीहरु, शिक्षक, महिला समुह सदस्य) बीच बालविवाह, लैंगिक तथा घरेलु हिंसा न्यूनिकरण सम्बन्धि चेतनामुलक कार्यक्रम संचालन गर्ने ।
- कम्तिमा २० जना महिलाहरुलाई पुर्नस्थापनाको व्यवस्था मिलाउने ।
- सेवा केन्द्र सञ्चालनको दिगोपनाका लागि स्थानीय तथा प्रदेश सरकारसँग सहकार्य तथा साझेदारी गर्ने ।

### *आ.व. २०८१/८२ को भौतिक प्रगति (Physical Progress for FY 2081/82)*

| क्र.स. | कार्यक्रम/परियोजनाको नाम | भौतिक प्रगति | | | | |
|---|---|---|---|---|---|---|
| | | मुख्य नतिजा श्रृंखला | इकाई | लक्ष्य | प्रगति | प्रगति प्रतिशत |
| | अल्पकालिन महिला सेवा केन्द्र | | | | | |
| | क. | हिंसा प्रभावितलाई आवाशिय सेवा प्रदान | जना | ३० | २२ | ७३ |
| | ख. | हिंसा प्रभावितलाई मनोसामाजिक विमर्श | जना | ४० | ४० | १०० |
| | ग. | घरदैलो परामर्श सेवा | जना | ५० | ५२ | १०४ |
| | घ. | निशुल्क कानुनी सेवा तथा औषधोपचार | जना | ६० | ६४ | १०६ |
| | ङ. | लैंगिक हिंसा विरुद्ध समुदाय शिक्षा कार्यक्रम | जना | ४००० | ४००० | १०० |
| | च. | सिप विकास तालिम | जना | २० | १३ | ६५ |
| | छ. | जनचेतानाका लागि सञ्चार अभियान | वर्षभरी | | | |
| | ज. | जीवन योजना तयार तथा पुर्नस्थापना | जना | १० | ७ | ७० |
| | झ. | दिवसहरु मनाउने | वटा | २ | २ | १०० |
| | ञ. | सरोकारवालासँग शेयरिङ्ग बैठक | वटा | २ | २ | १०० |
| | ट. | परियोजना अनुगमन | पटक | २ | २ | १०० |

### *परियोजनाका उपलब्धिहरु* ***(Achievements of the Program)***

- जिल्ला सवन्वय समितिको नेतृत्व र स्थानीय सरकारहरुको सहभागितामा गठित संरचनालाई सेवा केन्द्र हस्तान्तरण गरिएको जसबाट परियोजनाको दिगोपना सुनिश्चित भएको ।
- सेवा केन्द्रको स्थायी संरचना निर्माण गरिएको जसको कारण परियोजना सञ्चालन खर्च करिब ४० प्रतिशतले घटेको ।
- परियोजना सञ्चालनको लागि अतिरिक्त श्रोत व्यवस्था गर्न प्रदेश सरकारसँग पहुँच विस्तार गरिएको ।
- हिंसाको कारण परिवारमा सुरक्षा नपाएका प्रभावितहरुले सुरक्षा आवास पाएको ।
- न्यायका लागि सम्बन्धीत निकायसम्म पुग्न नसकेका प्रभावितहरुलाई न्यायको पहुचमा ल्याइनु ।
- प्रभाविलाई पूनर्स्थापनामा र परामर्शको सहयोगले सामाजिकीकरण सहज ।
- अपराधीलाई कानुनी दायरामा ल्याउन मद्धत पुगेको ।

### *चुनौतीहरु* ***(Challenges)***

- प्रभावितहरु समयमै सम्बन्धीत निकायमा पुग्न नसक्दा पिडित होस्टायल हुने ।
- आत्मनिर्भरता नहुनाले पिडीतहरु न्यायको लागि डराउने, बाहिर आउन नसक्ने ।
- हिंसाको उच्च जोखिममा धेरै जस्तो बाबालिका पर्ने ।
- घरेलु हिंसा सामान्य हो, अपराध होइन भन्ने भ्रममा रहेकाले यस्ता घटनाले प्राथमिकता पाइरहने ।

### *क्रियाकलापमा गरिएको फेरवदल* ***(Adaptive Measures)***

- कार्य समितिको निर्णयमा परियोजना सञ्चालनका क्रममा बढी हुन आउने रु. ६००,००० सेवा केन्द्रको नवनिर्मित भवन परिसरमा काँडे तारबारको लागि खर्च गरिएको ।

## 3.3 *दिगो कृषि विकास कार्यक्रम (Sustainable Agriculture Development Program)*

रोजगारी र आम्दानीका अवसरहरु सृजना गरी ग्रामिण अर्थतन्त्रमा टेवा पुऱ्याउने उद्देश्यले वि.स. २०७५ साल देखि दिगो कृषि विकास कार्यक्रम नामक परियोजना संखुवासभा जिल्लाका ८ वटा पालिकाका करिब १००० घरधुरीमा सञ्चालित छ । परियोजना अन्तर्गत उच्चमूल्यका २ नगदेवाली अर्गानिक कफि र म्याकेडेमिया नट खेती - खेती प्रविधि, प्रशोधन र बजारीकरणमा आर्थिक तथा प्राविधिक सहयोग प्रदान गरिरहेको छ ।

यस परियोजनाले नेपालको दिगो विकास लक्ष्य (२०१६-२०३०) को लक्ष्य नं. २ लाई योगदान गर्ने छ जस अन्तर्गत खाद्य सुरक्षा, पोषण तथा दिगो कृषि विकास मार्फत भोकमारी उन्मुलन गर्ने लक्ष्य राखिएको छ । नेपालको १६औं योजनाले कृषिक्षेत्रलाई प्राथमिकता प्राप्त क्षेत्रमा समावेस गरेको छ जसलाई खाद्यसुरक्षा, जीविकोपार्जन, निर्यात विस्तार तथा ग्रामिण समृद्धिको आधार मानिएको छ । यस सन्दर्भमा संस्थाद्धारा सञ्चालित दिगो कृषि विकास परियोजनाले नेपालको विकासको राष्ट्रिय नीतिमा योगदान गर्ने देखिन्छ ।

### *परियोजनाका उद्देश्यहरु (Projective Objectives)*

यस परियोजनाको समग्र उद्देश्य कृषकहरुलाई निर्यातयोग्य कृषि वस्तुहरुको उत्पादनमा सहयोग गरी नेपाल सरकारको गरीबि निवारण प्रयासमा सहयोग गर्ने हो भने विशिष्ट उद्देश्यहरु निम्नानुसार रहेकाछन्: पकृषकहरुको आम्दानी तथा रोजगारी वृद्धि गर्ने रहेको छ भने विशिष्ट उद्देश्यहरु निम्नानुसार रहनेछन्:

- कम्तिमा १५० नयाँ कृषकलाई कफि प्रशोधन सम्बन्ति तालिम प्रदान गर्ने ।
- ६०० कृषकहरुलाई म्याकेडेमिया नटखेती तथा प्रशोधन तालिम प्रदान गर्ने ।
- म्याकेडेमिया कृषकको संख्या ८०० पुऱ्याउनु ।
- जिल्लाका ६ वटा पालिकासँग लागत साझेदारीमा काम गर्नु ।
- २ वटा स्थानीय कृषि उपजको प्रशोधन सम्बन्धि अनुसन्धान गर्नु ।

### *आ.व. २०८१/८२ को भौतिक प्रगति (Physical Progress for FY 2081/82)*

| कार्यक्रम/परियोजनाको नाम | भौतिक प्रगति | | | | |
|---|---|---|---|---|---|
| | मुख्य नतिजा श्रृंखला | इकाई | लक्ष्य | प्रगति | प्रगति प्रतिशत |
| क. | परियोजना अभिमुखीकरण | पालिका | १ | १ | १०० |
| ख. | पालिकासँग शेयरिङ्ग र लागत सहभागिता | पालिका | ६ | ३ | ५० |
| ग. | Moisture meter अनुदान | वटा | १ | १ | १०० |
| घ. | स्थलगत कफि प्रशोधन तालिम | स्थान | १२ | १२ | १०० |
| ङ. | कफि नर्सरी स्थापना सहजीकरण | वटा | २० | १६ | ८० |
| च. | कफि प्रदर्शनीस्थल व्यवस्थापन | वटा | १ | १ | १०० |
| छ. | म्याकनट टिप्ने तथा भण्डारण तालिम | वटा | १ | १ | १०० |
| ज. | म्याकनट नर्सरी | वटा | २ | २ | १०० |
| झ. | म्याकनट खेती व्यवस्थापन तालिम | जना | २०० | २०० | १०० |
| ञ. | म्याकनट विरुवा रोपण | वटा | ३००० | १३,८७१ | ४६२ |
| ट. | महुरीपालन परिक्षण | घार | १० | १० | १०० |
| ठ. | कम्पोष्ट मल उत्पादन तालिम | जना | १४० | १८९ | १३५ |
| ड. | कम्पोष्ट पिट वितरण | वटा | २०० | ४०९ | २०४ |
| ढ. | वर्षापानी संकलन पोखरी | वटा | ५ | ५ | १०० |
| ण. | म्याकनट प्रशोधन परिक्षण | पटक | १ | १ | १०० |
| त. | स्थानीय कृषि उपज प्रशोधन परिक्षण | पटक | १ | ० | ० |
| थ. | कृषि व्यापार प्रवर्द्धन अनुसन्धान | पटक | १ | १ | १०० |

दिगो कृषि विकास कार्यक्रमको हालसम्मको नतिजा श्रृंखला निम्नानुसार रहेको छः

*Based on the baseline records of previous year, targets were set for various **results chain** for 2023/2024. Progress on the **results chain** has been presented below:*

| Results chain | Status as of Jane 2024 | Progress by June, 2025 |
|---|---|---|
| Palikas covered by the project | 8 | 8 |
| No. of coffee farmers | 512 | 704 |
| No. of macadamia nut farmers | 610 | 762 |
| No. of coffee trees planted | 433,830 | 561,830 |
| No. of macadamia nuts trees planted | 20,035 | 33,906 |
| Coffee cherry production (metric ton) | 38 | 42 |
| Revenue from coffee parchment (million Rs.) | 6 | 7.4 |
| Revenue from coffee seedlings (Million Rs.) | 1.8 | 3.8 |
| Macadamia nuts production (kg) | 462 | 462 |
| Revenue from mac nuts (Rs.) | 554,000 | 554,000 |
| No. of farmers receiving basic training (coffee/macadamia farm management) | 350 | 550 |
| No. of farmers receiving local government subsidies | 300 | 556 |

## *परियोजनाका उपलब्धिहरु (Achievements of the Program)*

- पालिका, प्रदेश सरकार र कृषकहरुबाट परियोजना प्रति व्यापक स्वीकृति भई बजेट विनियोज गरिएको:
    - पाँचखपन नगरपालिका १० लाख साथै तालिममा लागत सहभागिता ।
    - चैनपुर नगरपालिका १० लाख साथै तालिममा लागत सहभागिता ।
    - धर्मदेवी नगरपालिका १० लाख ।
    - मादि नगरपालिका १० लाख ।
    - सभापोखरी गाँऊपालिकाबाट कम्पोष्ट तालिममा लागत सहभागिता ।
    - कृषकहरुले कफि र म्याकनटमा करिब ५० लाख लगानी गरेको ।
- कफि तथा म्याकनट खेतीमा ठुला कृषकहरु आकर्षित भई लगानी शुरु गरेको जसबाट जिल्लामा पूँजि भित्रिने र रोजगारीका अवसरहरु प्राप्त हुन थालेको ।
- कफि र म्याकेडेमिया नट खेतीबाट (विरुवा तथा फल गरी) करिब ७० लाख बराबरको कारोवार भएको ।
- कफि प्रशोधनको केन्द्रिकृत प्रशोधन उद्योग स्थापनाले गुणस्तरीय विन्स उत्पादनमा मद्दत पुगेको ।
- कफिका नर्सरी, कफि सपहरु, प्रशोधन उद्योग, कफि टिप्ने तथा प्रशोधन उद्योग जस्ता कार्यहरुबाट रोजगारीका अवसरहरु उपलब्ध हुन थालेको ।
- कफि र म्याकेडेमिया नट जस्ता रुख प्रजातिका बहुवर्षे बालिबाट वातावरण संरक्षण तथा भूक्षय न्यूनीकरणमा योगदान ।

## *चुनौतीहरु (Challenges)*

- जनसंख्याको ऋणात्मक वृद्धिका कारण कषि श्रमिकको अभाव हुन थालेको ।
- यूवापुस्ता कृषि व्यवसाय तर्फ आकर्षित नहुँदा निर्वाहमुखी कृषि व्यवसाय धानिरहेको पुस्ता बुढ्यौलीमा प्रवेश गर्दै जाँदा हाल प्रवर्धन गरिएका बालिहरु अलपत्र पर्ने सम्भावना रहेको ।

- पहाडी धरातलमा आधुनिक खेतीका यन्त्रहरु प्रयोग गर्न असम्भव हुनेहुँदा पहाडि उत्पादनको लागत मूल्य बढी हुने जसबाट हाम्रा उत्पादन खुल्ला बजारमा मूल्य प्रतिस्पर्धा गर्न नसक्ने ।
- श्रमितको अभावमा कृषकहरुले घरपालुवा पशुहरुको संख्या घटाउनाले जैविक मल उत्पादन पनि घटेको जसबाट कफि तथा म्याकेडेमिया खेती पनि प्रभावित बन्न पुगेका ।

***समायोजित क्रियाकलापहरु*** (Adaptive Activities)

- ४० जना अगुवा कृषकहरुलाई गड्यौले मल बनाउने तालिम दिने र मलको पिट वितरण गर्ने योजना बनाइएकोमा प्राविधिकको सुझाव तथा कृषकको माग बमोजिम २०० जना भन्दा माथि कृषकहरुलाई झोल मल बनाउने तालिम प्रदान गरी प्रति सहभागी ३ वटाको दरले ५० लिटर क्षमताको जार विरण गरिएको ।
- संखुवासभा जिल्लाको कृषि उपजको परिक्षण प्रशोधन गर्ने प्रस्ताव गरिएकोमा कृषिवस्तु तथा प्रशोधनको ढिलो पहिचान गरिएकोले उक्त क्रियाकलाप दोश्रो वर्षका लागि सारिएको छ ।

## 3.4 ***महिला सेवा केन्द्र भवन निर्माण (Women's Safe House Construction Project)***

वि. सं. २०७८ साल चैत्रबाट शुरु गरिएको अल्पकालिन महिला सेवा केन्द्र खाँदवारी नगरपालिका ८ स्थित १ तल्ले भाडाको घरमा सञ्चालनमा रहेको छ । केन्द्रको दिगोपनाको लागि आफ्नै भवन निर्माण गरी घरभाडा वापतको खर्च कटौती गर्ने र भवनको परिसरको जमिन प्रयोग गरी अतिरिक्त आम्दानी पनि गर्ने भन्ने योजना अनुरुप नगरपालिकाको वडा नं. ८ को जिल्ला समन्वय समिति संखुवासभाको स्वामित्वमा रहेको जमिनमा केन्द्रको भवन निर्माण सम्पन्न गरी २०८१ साल चैत्र २० गते जिल्ला समन्वय समितिलाई हस्तान्तरण गरिएको छ ।

***परियोजनाका उद्देश्यहरु (Projective Objectives)***

यो परियोजनाको समग्र उद्देश्य हिंसा प्राभावित महिला तथा बालबालिकाहरुलाई संरक्षण दिई सुरक्षित पुनर्स्थापना गर्नु रहेको छ भने विशिष्ट उद्देश्यहरु निम्नानुसार रहेका छन्:

- ४ तल्ले २० कोठे सुरक्षित र सुविधा सम्पन्न सेवा केन्द्रको भवन निर्माण गर्नु ।
- जिल्ला समन्वय समितिको नेतृत्वमा केन्द्रको सञ्चालन जिम्मेवारी स्थानीय सरकारहरुलाई हस्तान्तरण गर्नु ।

***आ.व. २०८१/८२ को भौतिक प्रगति (Physical Progress for FY 2080/81)***

- ६,८८० वर्गफिटको (२० वटा कोठा, १३ वटा सयन तथा शौचालय) भएको आवाशगृहको भवन निर्माण सम्पन्न गरी मिति २०८१ साल चैत्र २० गते जिल्ला समन्वय समिति तथा स्थानीय सरकारलाई हस्तान्तरण ।
- भवनको तल्लो खण्डमा ८५ फिट लम्बाई र १६ फिट उचाइको रिटेनिङ्ग पर्खाल निर्माण गरिएको ।
- ७०० मिटरको कम्पाउण्ड तारबार ।
- भवनलाई आवश्यक फर्निचर तथा फिक्सचर्सको व्यवस्था गरिएको ।
- तोकिएको समयभन्दा ४ महिना अगाडि तथा तोकिएका बजेटभन्दा ९.७२ प्रतिशत कम बजेटमा निर्माण सम्पन्न ।
- भवनको स्वामित्व ग्रहण तथा प्रयोगमा स्थानीय तथा प्रदेश सरकारको स्वीकृति ।
- स्वआर्जनका लागि २ वटा पाठा सहित १ वंगुरको खोर, चल्ला सहित १ कुखुराको खोर र तरकारी खेतीको लागी १ ग्रिनहाउस निर्माण गरिएको ।
- भवन निर्माणको क्रममा ४,६७९ दिन बराबर रोजगारी उपलब्ध भएको ।
- स्थानीय व्यवसायी तथा व्यापारीका लागि करिब ८० लाख बराबरको निर्माण सामाग्रीको व्यापार भएको ।
- संखुवासभाका स्थानीय तथा प्रदेश सरकारहरुमा निसाहयहरुलाई सहयोग प्रदान गर्न एउटै मञ्च उपलब्ध भएको ।

## 4 अनुगमन तथा मूल्यांकन (Monitoring and Evaluation)

***क. अनुगमन तथा मूल्यांकनमा अपनाइएका विधि तथा प्रक्रियाहरु (Methods and Processes Applied to Monitoring and Evaluation)***

आन्तरिक अनुगमन तथा मूल्यांकन जस अन्तर्गत परियोजनाको अनुगमन तथा मूल्यांकन निम्नानुसार सम्पन्न गरिएको छः

- संस्थाका कार्यसमिति पदाधिकारीहरु तथा कार्यकारी निर्देशकबाट परियोजनाहरुको २४ पटक अनुगमन गरिएको ।
- स्थानीय सरकारका पदाधिकारीहरुबाट परियोजनाहरुको ८ पटक अनुगमन गरिएको ।

बाह्य अनुगमन तथा मूल्यांकन (External Monitoring and Evaluation)

- समाज कल्याण परिषदलाई मूल्यांकनको लागि ४ वटा परियोजनाको ToR दिइएको भएता ती परियोजनाहरुको मूल्यांकन हुन बाँकि रहेको ।
- समाज कल्याण परिषदबाट आ.व. २०८०/८१ मा २ वटा परियोजनाहरुको स्थलगत मूल्यांकन गरिएको ।

***Methods of the Evaluation:***

- Process-based methods (कार्यान्वय प्रक्रियाको मूल्यांकन गर्ने गरिएको)
- Impact/Outcomes-based methods (परियोजनाको नतिजा तथा प्रभाव मूल्यांकन जुन समाज कल्याण परिषदबाट गर्ने गरिएको)

***अनुगमन तथा मूल्यांकनबाट प्राप्त नतिजाहरु (Results of Monitoring and Evaluation):***

- समाज कल्याण परिषदद्धारा दिइएका सुझावका आधारमा संस्थाको जनशक्ति व्यवस्थापन, कर तथा लेखापरिक्षण, सानो नगदी कोष व्यवस्थापन, प्रगतिहरुको प्रतिवेदन प्रकाशन जस्ता क्षेत्रहरुमा सुधार गर्न थालिएको ।
- स्थानीय निकायका जनप्रतिनिधिहरुलाई अनुगमनमा संलग्न गराउदा उनीहरु परियोजना प्रति जवाफदेहि बनेको जसले गर्दा परियोजनाहरुमा बजेट विनियोजन गरिएको ।
- Process monitoring ले परियोजनाहरु सहि मार्गमा रहे नरहेको पहिचान गरी उपयुक्त विधिहरु अवलम्बन गर्न मद्दत पुऱ्याएको ।

## 5 विविध चुनौतीहरु (Various Challenges)

- नियमनकारी निकाय समाज कल्याण परिषदले संस्थाका परियोजनाहरु पालिकाको राता किताबमा समावेश हुनुपर्ने भनी सुझावमा उल्लेख गरेता पनि पालिकाहरुले योजना निर्माण तथा समिक्षाको चरणमा गैरसरकारी संस्थालाई जानकारी नदिने वा पेश गरेको योजनाहरु पनि रातो किताबमा समावेश नगरिदिदा संस्थाको योगदान नदेखिने र समाज कल्याण परिषदको सूचक पनि पुरा भएको नदेखिने ।
- शिक्षित तथा क्षमतावान युवाहरु पलायन हुने वर्तमान प्रवृत्तिका कारण संस्थामा सक्षम दोश्रो पुस्ता/नेतृत्व विकास गर्न गाह्रो भएको ।
- वि.सं. २०८३ मंसिर ९ गतेबाट नेपाल अति कम विकशित मुलुकबाट विकासशील राष्ट्रमा स्तरोन्नती हुदै छ । सो पश्चात विपन्न मुलुकहरुलाई प्रदान गरिने वित्तिय सहयोगको सूचिबाट नेपाल पनि हट्ने छ । यसले गैरसरकारी संस्थाहरुले प्राप्त गर्ने अनुदान सहयोगलाई पनि असर गर्ने ।
- रुस-युक्रेन र इजरायल-प्यालेष्टायन जस्ता युद्धहरुका कारण सिर्जित विश्वव्यापि आर्थिक मन्दि तथा मुद्रास्फिर्तिका कारण विकासोन्मुख राष्ट्रहरुले प्राप्त गर्ने आर्थिक सहयोगमा भएको भारी कटौतीको कारण गैरसरकारी संस्थाहरु पनि प्रभावित भएका ।

## 6 सुझावहरु (Recommendations)

- अबको ३ वर्ष नयाँ नेतृत्व निर्माणका लागि गैरसरकारी संस्थामा संलग्न हुन इच्छुक व्यक्तिहरु संस्थामा समावेस गरी क्षमता विकासका कार्यहरु गरिनुपर्ने देखिन्छ ।
- अन्तराष्ट्रिय दातृसंस्थाहरु माथिको निर्भरता कम गर्न र श्रोतको विविधिकरणका लागि संस्थाले परियोजनाहरु तयार गरी स्थानीय सरकारसँग पनि साझेदारी गर्न पहल गर्नुपर्ने देखिन्छ ।
- गैरसरकारी संस्थाहरुले आन्तरीक श्रोत संकलनका क्षेत्र पहिचान गर्ने र सो अनुसारका परियोजनाहरु निर्माण तथा संचालन गर्नुपर्ने देखिन्छ ।
- श्रोत संकलनको सिप विकासका लागि संस्थाका धेरै भन्दा धेरै पदाधिकारी तथा कर्मचारीहरुमा परियोजना निर्माण, व्यवस्थापन तथा श्रोत संकलन सम्बन्धि तालिमहरु प्रदान गर्नुपर्ने देखिन्छ ।
- गैरसरकारी सञ्चालनको ज्ञान सिप नयाँ पुस्तामा हस्तान्तरण गर्न संस्थाले साधारण सदस्यहरु थप गर्दा यूवावर्गलाई प्राथमिकतामा राख्नुपर्ने देखिन्छ ।
- संस्थागत सुशासन अभिवृद्धि गर्न समाज कल्याण परिषदले परियोजनाको अनुगमन पश्चात दिएका सुझावहरुको कार्यान्वयन अझ प्रभावकारी पार्नुपर्ने देखिन्छ ।

**अनुसूचिहरु**

## अनुसूचि १: संस्थाको कार्यसमिति, साधारण सदस्य तथा कर्मचारी विवरण :

**कार्यसमिति पदाधिकारीहरुको विवरण (गठन २०७९/०५/२५)**

| क.स. | नाम थर | पद | ठेगाना | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | प्रकाश कुमार राई | अध्यक्ष | सिलिचोङ्ग गा. पा. ३ | ९८५२०२४३६३ |
| २ | प्रेम बहादुर श्रेष्ठ | सचिव | खाँदबारी न. पा. ८ | ९८४२१०८११४ |
| ३ | भूवनमणि कटुवाल | कोषाध्यक्ष | खाँदबारी न. पा. ८ | ९८४२५४७४५६ |
| ४ | मुकेश मुदेल | सदस्य | खाँदबारी न. पा. १ | ९८५२०५१८९० |
| ५ | अम्विका कालिकोटे | सदस्य | पाँचखपन न.पा. १ | ९८४२२९९१७५ |
| ६ | चन्द्रिका राई | सदस्य | सिलिचोङ्ग गा. पा. ४ | ९८४२५९५२८८ |
| ७ | सुनिता गुरुङ्ग | सदस्य | भोटखोला गा.पा. १ | ९८४२०९५४६५ |

### संस्थाका पूर्वअध्यक्षहरुः

१) श्री पर्शुराम दाहाल
२) श्री टिकाराम गुरुङ्ग
३) श्री यदुमणि निरौला
४) श्री मेनुका श्रेष्ठ

### साधारण सदस्यहरुको विवरण

१) सदस्य : श्री कमानसिं राई
२) सदस्य : श्री चन्द्र कुमार फुयाल (भरचुयल सहभागिता)
३) सदस्य : श्री हेमराज थापामगर
४) सदस्य : श्री धन वहादुर गुरुङ्ग
५) सदस्य : श्री टाटानाथ त्रिताल
६) सदस्य : श्री रोशन गुरुङ्ग
७) सदस्य : श्री सुदिप राई
८) सदस्य : तिलक राई
९) सदस्य : भलाभिषण याम्वा
१०) सदस्य : सुर्य वहादुर दाहाल
११) सदस्य : एलिना राई
१२) सदस्य : रन्जिता श्रेष्ठ
१३) सदस्य : इन्द्र वहादुर आलेमगर
१४) सदस्य : शान्ति राई
१५) सदस्य : चन्द्रकला राई
१६) सदस्य : वाङ्छेदर भोटे
१७) सदस्य : तुलसी घिमिरे
१८) सदस्य : गोपाल श्रेष्ठ
१९) सदस्य : कृष्ण बहादुर कटुवाल

**कर्मचारीहरुको विवरण**

| क्र.स. | नाम थर | पद | ठेगाना | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | पर्शुराम दाहाल | कार्यकारी निर्देशक | चैनपुर न पा ११ | ९८५११७६७०२ |
| २ | सुर्य बहादुर दाहाल | सामाजिक परिचालक | चैनपुर न पा ११ | ९८६११३७६२४ |
| ३ | टाटानाथ त्रिताल | फोकल पर्सन, | चैनपुर न पा ११ | ९८४२३३६३०६ |
| ४ | धन बहादुर गुरुङ्ग | अ.स.ओभरसियर | मकालु गा पा ५ | ९८६२१२२८९४ |
| ५ | रोषण गुरुङ्ग | (झोलुङ्गे पुल) | मकालु गा पा ५ | ९७४१४२१५३९ |
| ६ | चन्द्रकला राई | लेखा तथा प्रशासन | खाँदबारी  न पा १ | ९८६२२८००५० |
| ७ | तुलसी घिमिरे | व्यवस्थापक | खाँदबारी न पा ८ | ९८४२१५८०१६ |
| ८ | मुना कुमारी माझी | मनोसामाजिक विमर्शक | दुधौली न पा १ | ९८०८७९४९८४ |
| ९ | रिता थापा | सुरक्षा गार्ड | खाँदबारी न पा ९ | ९८६२३४०३३२ |
| १० | चन्द्रकला थापा | कार्यालय सहयोगी | पाँचखपन न पा २ | ९८४२३८३०६६ |
| ११ | कृष्ण कुमारी कटुवाल | कार्यालय सहयोगी | खाँदवारी १ | |

## अनुसूचि २ः

## समुदायमा आधारित झोलुङ्गे पुलको प्रगति विवरण आ.व २०८१/०८२

| क्र.स | पुलको नाम | ठेगाना | जम्मा लागत रु | सम्पन्न मिति | सहयोग | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | तुर्याहाम झो.पु | धर्मदेवी २ र ३ | ५७,९०,८१४।- | २०८१।०५।३० | संघिय सरकार | नयाँ |
| २ | बराईगाउँ झो.पु. | पाँचखपन ४ र खादवारी ९ | ५४,९३,६६९।- | २०८१।०९।२२ | " | " |
| ३ | लेव्राङआपटारी देवीदह झो.पु. | सभापोखरी १ र पाँचखपन ४ | ५८,८३,८३२।- | २०८१।०९।०१ | " | " |
| ४. | लंखुवाखोला झो.पु. | सभापोखरी ३ र चिचिला ५ | ४६,४४,७०१।- | २०८१।१२।१५ | " | " |
| ५ | संखुवाखोला झो.पु. | सिलिचोङ् २ र ३ | ४६,३४,४२९।- | २०८१।१२।२१ | " | " |
| ६ | आप्सुवा  झो.पु. | मकालु १ र ६ | ११,८१,८४५।- | २०८०।१२।१० | मकालु गाउँपालिकाको | वृहत्तमर्मत |

<u>**कार्यक्रमसँग सम्वन्धित फोटोहरु**</u>











म्याकेडेमियानटको फूल तथा फल (चैनपुर ११, तथा पाँचखपन ४)



कफि तथा म्याकेडेमिया खेती सम्बन्धिका फोटोहरु




लैंगिक हिंसा न्यूनीकरण सम्बन्धि समुदाय विद्यालय शिक्षा कार्यक्रम